नेपाल सरकार

# आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

सानेपा, ललितपुर

प. स.: ०८२/८३
च.नं :

मिति : २०८२/१०/०३

## ‘सोनाम ल्होसार-२८६२’ को हार्दिक मंगलमय शुभकामना

**तामाङ, ह्योल्मो, मुगाल लगायतका आदिवासी जनजाति समुदायले परम्परागत रूपमा मनाउँदै आएको पर्व यस वर्ष *‘सोनाम ल्होसार-२८६२* ता ल्हो (घोडा वर्ष) को पावन अवसरमा नेपाल सरकार, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको तर्फबाट स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।**

**ल्होसार केवल नयाँ वर्षको आरम्भ मात्र नभई आदिवासी जनजाति समुदायहरूको ऐतिहासिक स्मृति, सांस्कृतिक पहिचान, सामाजिक एकता र सामूहिक चेतनाको प्रतीक हो । यस पर्वले आपसी सद्भाव, सहकार्य, सहअस्तित्व र प्रकृतिप्रतिको सम्मानको भावनालाई थप सुदृढ बनाउँदै आएको छ ।**

**नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक देश हो । यस्तो विविधताभित्र ल्होसारजस्ता पर्वहरूले राष्ट्रिय एकता सुदृढ गर्दै सामाजिक समरसता र समावेशी विकासको मार्ग प्रशस्त गर्न महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् ।**

**यस शुभ अवसरमा *‘सोनाम ल्होसार-२८६२* ले सबैको जीवनमा सुख, शान्ति, स्वास्थ्य, समृद्धि र नयाँ आशा तथा ऊर्जा लिएर आओस् भन्ने कामना गर्दछु । साथै, आदिवासी जनजाति समुदायहरूको भाषा, संस्कृति, परम्परा र मौलिक पहिचानको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा हामी सबैको साझा प्रतिबद्धता अझ सशक्त बनोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।**

**(रेसम गुरूङ)**

**उपाध्यक्ष**